मिति २०७९।१।९ को प्र.अ. बैठकका निर्णयहरु

**<u>२०७९।०१।०९ को प्र.अ. बैठकको छलफलका विषयहरु:</u>**

१. शैक्षिक सत्र २०७८ को अन्तिम परीक्षा तथा नतिजा सम्वन्धमा ।

२. चालु आ.व. ०७८।०७९ का योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

३. शैक्षिक सत्र २०७९ विद्यार्थी भर्ना अभियान सम्वन्धमा ।

४. शैक्षिक सत्र २०७९ को शैक्षिक क्यालेण्डर सम्वन्धमा ।

५. विविध सम्वन्धमा ।

क) अन्तिम त्रैमासिकको माग फाराम सम्वन्धमा ।

ख) स्थानीय पाठ्यक्रम सम्वन्धमा ।

ग) राष्ट्रपति रनिङ शिल्ड खेलकुद सम्वन्धमा ।

घ) २०७७।०७८ को लेखा परीक्षण सम्वन्धमा ।

ङ) विदा प्रमाणित गरी राखे सम्वन्धमा ।

च) विभिन्न तालिमहरू सञ्चालन सम्वन्धमा।

**<u>मिति २०७९।०१।०९ गते बसेको प्र.अ. बैठकको निर्णयहरु:</u>**

१. शैक्षिक सत्र २०७८ को अन्तिम परीक्षा तथा नतिजा सम्वन्धमा देहाय बमोजिम गर्ने।

क) मिति २०७८।१२।२९ देखि २०७९।०१।०८ गतेसम्म सञ्चालित शैक्षिक सत्र २०७८ को आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको समिक्षा गरियो।

ख) कक्षा ८ को उत्तरपुस्तिका परीक्षण यथासक्य छिटो सम्पन्न गरी पूर्व निर्देशन बमोजिम नै मिति २०७८।०१।१५ गते भित्र अंकन सिट सहित परीक्षण गरेको उत्तरपुस्तिका कार्यालयमा बुझाउने ।

ग) शैक्षिक सत्र २०७८ अन्तिम परीक्षाको परीक्षाफल सम्वन्धमा विद्यालयमै समिक्षा गरी २२ गते सम्ममा नतिजा प्रकाशन गर्ने ।

२. चालू आ.व. २०७८।०७९ को शिक्षा तर्फको बजेट कार्यान्वयनको समिक्षा गरियो । विद्यालयबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको हकमा कम्तिमा बैशाख १५ भित्र आवश्यक कागजात पुऱ्याई सम्झौता गरीसक्ने र कार्यसम्पन्न पश्चात आवश्यक कागजात जुटाई असार महिनाको पहिलो हप्ता भित्र अन्तिम भुक्तानीका लागि कार्यालयमा पेश गर्ने । भौतिक निर्माणको हकमा आर्थिक कार्यविधि कानून बमोजिम नै समयमै सम्पन्न गर्ने।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ

३. सबैं बालबालिका विद्यालय पठाऔं; शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौं भन्ने नाराकासाथ शैक्षिक सत्र, २०७९ को विद्यार्थी भर्ना अभियान बैशाख महिनाको चौथो र पाँचौं हप्तामा शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवाला निकायहरुको व्यापक सहभागितामा सम्पन्न गरी विद्यार्थीहरूलाई विद्यालयमा स्वागत गर्ने । विद्यालय उमेर समूहका सबैं बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन सबैले आफ्नो ठाउबाट प्रयत्न, सहयोग, सहकार्य र अपिल गर्ने ।

४. शैक्षिक सत्र, २०७९ का लागि तपसिल अनुसार हुने गरी शैक्षिक कार्यतालिका निर्माण गरी सोही बमोजिम सञ्चालन गर्ने ।

| सि.नं. | कार्यहरु | सञ्चालन गर्ने मिति |
|---|---|---|
| १ | विद्यार्थी भर्ना अभियान विद्यार्थीलाई विद्यालयमा स्वागत । | २०७९ बैशाख मसान्तसम्मा |
| २ | अध्ययन अध्यापन सुरु | २०७९ जेठ १ देखि |
| ३ | अतिरिक्त क्रियाकलाप | हरेक हप्ताको शुक्रवार |
| ४ | पहिलो आन्तरीक मूल्याङ्कन | भाद्र महिना |
| ५ | दोस्रो आन्तरीक मूल्याङ्कन | मंसिर महिना |
| ६ | अन्तिम परीक्षा र शैक्षिक सत्र समाप्ति | चैत्र २०७९ |
| ७ | लामो विदा | श्रावण असोज वा जाडोको समयमा |

५. चालू आ.व. २०७८।०७९ को अन्तिम त्रैमासिकको शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलवको लागि २०७८ सालको हाजिरी विवरणको प्रमाणित, माग फाराम, नयाँ नियुक्ति भएका शिक्षकको हकमा नियुक्ति पत्र वा हाजिरी भएको लगायतका आवश्यक अन्य कागजात सहित मिति २०७८।०१।०९ गते भित्रमा कार्यालयमा पेश गर्ने ।

६. आवश्यक सुझाव तथा प्रतिक्रियाको लागि यस नगरपालिकाको वेभपेजमा राखिएको स्थानीय पाठ्यक्रमको ड्राफ्ट सम्वन्धमा प्राप्त सुझावलाई समावेश गरी नगर शिक्षा समिति समक्ष पेश गर्ने ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

७. मिति २०७९।०१।२४ देखि हुने जिल्लामा हुने राष्ट्रपति रनिङ् शिल्ड खेलकुदलाई मध्ये नजर गर्दै नगरस्तरबाट राष्ट्रपति रनिङ् शिल्ड खेलकुदको लागि छनौट गर्ने ।

८. समयमै तोकिएका लेखा परीक्षक मध्येबाट विद्यालयको आव २०७७।०७८ को लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने ।

९. कानून बमोजिम निर्धारीत मिति भित्रै विद्यालयमा कार्यरत स्थायी शिक्षकको २०७८ सालको विदा प्रमाणित गरिराख्ने ।

१०. आई.एम.आई.एस.,वि.व्य.स.,शि.अ.स. लगायतका तालिमहरू जेठ महिनामा सञ्चालन गर्ने।

११. आगामी शैक्षिक सत्रमा सफ्टवेयर मार्फत विद्यालय तहको सबै कक्षाको नतिजा व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था सम्बन्धित समितिमा माग अनुरोध गर्ने ।

धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल